# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८३।०४।०५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक प्रदीप अधिकारीले प्राधिकरणले आह्वान गरेको बोलपत्रमा सहभागी भई कार्य गरेका कम्पनी तथा सो कम्पनीका शेयरधनी लगायतका व्यक्तिहरू समेतको खाताबाट जग्गा विक्रेतालाई रकम भुक्तानी गरी निज प्रदीप अधिकारीको श्रीमतीको नाममा जग्गा खरिद गरी घुस/रिसवत लिएको तथा सम्पत्ति शुद्धीकरणसमेत गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी प्रदीप अधिकारीले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट संचालन भएका ठेक्काहरूमा ठेक्का स्वीकृति, रेखदेख, भुक्तानी लगायतको जिम्मेवारीमा रहँदा आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी गराई उक्त ठेक्काहरू दिए दिन लगाई उक्त ठेक्काहरूमा सहजीकरणसमेत गरे गराएको/ गर्न गराउन रू.१,७१,००,०००/—(एक करोड एकहत्तर लाख रूपैयाँ) प्रतिवादी प्रदीप अधिकारीले घुस/रिसवत बापत प्रतिवादी गायत्री निर्माण सेवाका प्रमुख प्रेम प्रकाश ढकालसमेतबाट लिएको पुष्टि भएको देखिएको, भ्रष्टाचारजन्य कार्य घुस/रिसवत बापत प्राप्त उक्त रकम सम्पत्तिको गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने, रूपान्तरण तथा हस्तान्तरण गर्ने बदनियतले निज प्रदीप अधिकारीले श्रीमतीको नाममा जिल्ला ललितपुर, ललितपुर नगर ५क्ष स्थित कित्ता नं. २२४, क्षेत्रफल ०-१३-०-० को जग्गा खरिद गरी उक्त जग्गाको राजिनामा लिखतमा थैली रकम रू.९१,००,०००/— (एकानब्बे लाख) कायम गरी वास्तविक कारोबार भएको रकम बदनितयतपूर्वक लुकाई सरकारी लिखत र सोमा उल्लिखित रकमको श्रोत र कारोबारसमेत वैधानिक र स्वाभाविक देखाउने कलुषित मनशायले सरकारी थैली बापतको रकम रू.९१,००,०००/— (एकानब्बे लाख रूपैयाँ) आफू र श्रीमतीको बैंक खाताहरूबाट कारोबार गरेको देखाई थैली रकमभन्दा बाहेकको अस्वभाविक थप रकम रू.१,७१,००,०००/— (एक करोड एकहत्तर लाख रुपैयाँ) रकम निज प्रतिवादी प्रदीप अधिकारीले नागरिक उड्डयन प्राधिकरण तथा अन्तर्गतका ठेक्कापट्टाहरूमा सहजीकरणको लागि कम्पनी र सोका संचालकबाट घुस/रिसवत बापतको रकम बैंक खातामा दाखिला गरी गराई घुस रिसवतबाट आर्जित कसुरजन्य सम्पत्तिको गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने, रूपान्तरण तथा हस्तान्तरण गर्ने कार्य गरी गराई सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुर समेत गरेको पुष्टि हुन आएकोले उल्लिखित घुस/रिसवत लिई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसुर गरेको र उक्त भ्रष्टाचार सम्बद्ध कसुर (Predicate Offence) रही सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ बमोजिमको कसुरसमेत गरेको पुष्टि भएको हुँदा उक्त दुबै कसुरमा संलग्न देहायका राष्ट्रसेवक एवं अन्य व्यक्तिउपर देहायबमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

**क.घुस रिसवत लिई/दिई भ्रष्टाचार गरको सम्बन्धमा:**

| क्र.स | नामथर पद र कार्यालय | बिगो रू | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक **प्रदीप अधिकारी** | रू.१७१,००,०००/– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर भएको हुँदा बिगो रू.१७१,००,०००/– (एक करोड एकहत्तर लाख रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा |

| | | | |
|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जिल्ला ललितपुर, ललितपुर नगर ५क्ष स्थित कि.नं. २२४, क्षेत्रफल ०-१३-०-० (तेह्र आना) जग्गा/सम्पत्तिबाट रिसवतको बिगो जफत/असुल उपर हुन।<br>साथै, निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | गायत्री निर्माण सेवा तथा उक्त कम्पनीका प्रमुख **प्रेम प्रकाश ढकाल** | रू.१,७१,००,०००/– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूर भएको हुँदा बिगो रू.१,७१,००,०००/– (एक करोड एकहत्तर लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जिल्ला ललितपुर, ललितपुर नगर ५क्ष स्थित कि.नं. २२४, क्षेत्रफल ०-१३-०-० (तेह्र आना) जग्गा/सम्पत्तिबाट रिसवतको बिगो जफत/असुल उपर हुन मागदाबी लिइएको छ। |

**ख. घुस रिसवत लिई लिन लगाई भ्रष्टाचार गरेको सम्बद्ध कसुर भई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) सम्बन्धीसमेत कसुर गरेको सम्बन्धमा थप मागदाबी:**

| क्र.स. | नामथर पद र कार्यालय | बिगो रू | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक प्रदीप **अधिकारी** | रू.१,७१,००,०००/- | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) ले परिभाषित कसूर भएको हुँदा बिगो रू.१,७१,००,०००/- (एक करोड एकहत्तर लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | सजाय हुन र निज राष्ट्रसेवक कर्मचारी भएको हुँदा सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजाय हुन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम कसूरबाट प्राप्त अपराधिक लाभ (proceed of crime) वाट रू. एक करोड एकहत्तर लाख रुपैयाँ समेतमा खरिद गरेको ललितपुर, ललितपुर नगर ५क्ष स्थित कि.नं. २२४, क्षेत्रफल ०-१३-०-०) जग्गा/सम्पत्ति जफत/असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | गायत्री निर्माण सेवा तथा उक्त कम्पनीका प्रमुख **प्रेम प्रकाश ढकाल** | रू.१,७१,००,०००/– | मुख्य कसूरदार प्रतिवादी प्रदीप अधिकारीले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसूरको दुरुत्साहन, मद्दत, सहजीकरणसमेत गरी सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसूर गरेको पुष्टि भएको हुँदा रू.१,७१,००,०००/– (एक करोड एकहत्तर लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२), (५), (८) बमोजिम सजाय गरी पाउन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम ललितपुर, ललितपुर नगर ५क्ष स्थित कि.नं. २२४, क्षेत्रफल ०-१३-०-०) जग्गा/सम्पत्ति जफत/असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता

सुरेश न्यौपाने